Web: www.gangadevmun.gov.np E-mail: gangadevmun@gmail.com

गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा, रोल्पा, ५ नं. प्रदेश, नेपाल

# गंगादेव गाउँ कार्यपालिकाको बैठकको प्रेस नोटः

## गाउँ कार्यपालिकाको मिति २०७६ बैशाख २० गते सम्पन्न बैठकका प्रमुख निर्णयहरूः

मितिः २०७६/०१/२२

१. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ सर्वसम्बत रूपमा पारित गर्ने ।
२. गाउँपालिकाको आवधिक योजना तर्जुमाको समग्र प्रक्रियालाइ निर्देशन र समन्वय गर्नकालागी गाउँपालिका अध्यक्षको संयोजकत्वमा एक निर्देशक समिति गठन गर्ने ।
३. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिका अध्यक्षको संयोजकत्वमा ७ सदस्यिय स्रोत अनुमान तथा बजेटको सिमा निर्धारण समिति गठन गर्ने ।
४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा राजश्व परामर्श समिति गठन गर्ने ।
५. गंगादेव गाउँपालिकाको आगामी आ.ब. २०७६/७७ को बजेट तथा कार्यक्रम तर्जुमा गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजीम गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने ।
६. गाउँपालिकाले आफ्नो कार्यालयबाट सम्पादन गरेका काम कारबाही मितव्ययी, प्रभावकारी, नियमित तथा कार्यदक्षता पूर्ण सम्पादन गरे नगरेको नियमन गरि सुशासनको प्रवर्द्धन गर्न, वित्तिय कार्यप्रणालीलाइ बिश्वसनिय र औचित्यपुर्ण बनाउन तथा लेखापरिक्षणबाट औल्याइएका बेरूजुलाइ कानुन सम्बत रुपमा फच्यौंट गर्नको लागी वडा नं. ४ का अध्यक्ष रामबहादुर वलीको संयोजकत्वमा ५ सदस्यिय सार्वजनिक सुशासन तथा लेखा समिति गठन गर्ने र अनुमोदनको लागी गाउँसभामा पेश गर्ने ।
७. मिति २०७५ चैत्र २१ गते ७ नं. वडा कार्यालयको भवन निर्माण गर्न टेण्डर आह्वान गरिएकोमा चालु आ.ब. भित्रमा सो कार्य सम्पन्न गर्न समय अभाव हुने देखिएकोले सोको टेण्डर प्रकृयालाइ स्थागित गर्ने र सो कार्यलाइ बहुवर्षिय क्रमागत योजनामा रूपान्तरण गरि आगामी आ.ब.को बजेटमा निरन्तरता दिने ।
८. गाउँपालिकाको नाममा रहेको ब्याक्हवलोडर भाडामा दिदा तेल वाहेकाको भाडा दर आगामी बैठकबाट टुंग्याउने ।
९. गा.पा.मा इन्टर्नशिपमा आएका प्रशिक्षार्थि सब इन्जिनियरहरू अरूण राना र मनिशा खडकालाइ अदक्ष कामदार सरह पारिश्रमिक पाउने गरि डोरहाजीरमा काममा लगाउने ।
१०. मालपोत कार्यालय घर्तिगाउँ र नापी कार्यालय घर्तिगाउँलाइ देहायको रकम प्रशासनिक खर्च बापत उपलब्ध गराउने र अनुमोदनका लागि गाउँसभामा पेश गर्ने ।

क) मालपोत कार्यालय घर्तिगाउँ लाइ दिने प्रशासनिक खर्च रू. १५०००० (अक्षेरुपी एक लाख पचास हजार)

ख) नापी कार्यालय घर्तिगाउँलाइ दिने प्रशासनिक खर्च रू. ८०००० (अक्षेरूपी असि हजार मात्र)

११. गाउँपालिका भित्र सञ्चालनमा रहेका ब्यवसायहरूको लगत संकलन तथा दर्ता/सुचिकरणका लागी ताकेता गर्न गाउँपालिकाले १५ दिने सुचाना प्रकाशित गर्ने र सो का लागी लगत संकलन गर्न घुम्ति टोलि खटाउने निर्णय ।
१२. जि.स.स. रोल्पा बाट यस गा.पा.लाइ प्राप्त भएको ४६ लाख रकम निम्नानुसार विनियोजन गर्ने र अनुमोदनकालागि गाउँ सभामा पेश गर्ने ।

| सि.नं. | शिर्षक | स्थान | बिनियोजित रकम |
|---|---|---|---|
| १ | जिवन ज्योति मा.वि. देवलटाकुरा आर.सि.सि. भवन निर्माण | गंगादेव ६, | ३१ लाख |
| २ | जिनावांग सामुदायीक सिकाइ केन्द्र कुकुरगारेको भवन निर्माण | गंगादेव ३, | १० लाख |
| ३ | वाग्यश्वरी प्रा.वि. गोठिखोला | गंगादेव ३, | ५ लाख |

१३. गाउँपालिकाले सिप विकास अन्तर्गत विनियोजन गरेको २५ लाख रकम मध्ये गाउँ कार्यपालिकाको कार्यालयले खण्डिकरण गरेको रकम र तालिम शिर्षकलाइ अनुमोदन गर्दै बाँकि रहेको रकमबाट निम्नानुसारका कार्यक्रम सञ्चालन गर्ने ।

| सि.नं. | शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | महिला सशक्तिकरण सम्बन्धि तालीम (एक सय जनालाइ कम्तिमा २ दिने) | रू. ३ लाख ६० हजार | |
| २ | महिला सशक्तिकरण सम्बन्धि पुस्तक प्रकासन | रू. ३ लाख | |

१४. गाउँपालिकाको साझा औषधि पसलको लागि वडा नं. ३ का वडा अध्यक्ष जलेश कुमार के.सि.को संयोजकत्वमा ७ सदस्यिय संचालक समिति गठन गर्ने ।
१५. गाउँपालिकाको कन्टिजेन्सि रकमको विनियोजन हाललाइ निम्नानुसार गर्ने र अनुमोदनको लागि गाउँसभामा पेश गर्ने ।

Web: www.gangadevmun.gov.np E-mail: gangadevmun@gmail.com

| सि.नं. | शिर्षक | स्थान | विनियोजित रकम |
|---|---|---|---|
| कुल बजेट | | | रू. ४० लाख (अनुमानित) |
| क) | चालु खर्च (प्रशासनिक तथा योजना संचालन खर्च) | | रू. २४ लाख |
| ख) | पुजिगत निर्माण तथा पुजिगत खर्च , | | रू. १६ लाख |
| १. | तिखेचुला ढुंगेखाप पोखराडाँडा डल्सिंगे मो.बा. निर्माण | गंगादेव ४ रोल्पा | रू.१० लाख |
| २ | रोड सम्बन्धि सफ्टवेयर खरिद | | रू. १लाख ५० हजार |
| ३ | विनियोजन हुन बाँकि बजेट | | रू. ४ लाख ५० हजार |

१६. गा.पा.को दोस्रो अध्यक्ष कप रनिंग सिल्डमा सहभागी हुने सबै वडा कार्यालयहरूले गरेको खर्चको समर्थन गर्दै भुक्तानि दिने ।

१७. चालु आ.ब.को विनियोजित बजेटमा रहेका निम्न शिर्षकको नाम परिमार्जन गरि अनुमोदनका लागी गाउँसभामा पेश गर्ने ।

| सि.नं. | साबिकाको शिर्षक | संशोधित शिर्षक | संशोधित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँघर क्लिनिक वराबुंगा भवन निर्मान (रू. १ लाख) | दोश्रो अध्यक्ष कप रनिंग सिल्डको लागी खेलकुद सामाग्रि र खेलाडि प्रोत्साहन कार्यक्रम (सुरूमा ९० हजार रहेको) | रू. १ लाख ९० हजार | वडा नं. ३ ( योजना मर्ज गरेको) |
| २ | चौपारी मसानघाट प्रतिक्षालय निर्माण( ५० हजार) | आन्तरिक प्रतिस्प्रधावाट स्थायी शिक्षकलाइ सम्मान कार्यक्रम | रू. ५० हजार | वडा नं. ३ (शिर्षक परिवर्तन) |
| ३ | गाउँघर क्लिनिक भवन निर्माण झ्याम(१ लाख) | बाल विकास शिक्षक तालिम तथा व्यवस्थापन (सुरूमा १ लाख रहेको) | रू २ लाख | वडा नं. ३ (योजना मर्ज) |
| ४ | गाउँघर क्लिनिक भवन निर्माण नाउली (१ लाख) | झारमंग्रा मोड हुदै खरखरे मनिमारे थोरेटोवाटो निर्माण | रू १ लाख | वडा नं. ३ (शिर्षक परिवर्तन) |
| ५ | वडा कार्यालय वाइफाइ जडान (२लाख ५० हजार) | कार्यालयको सोलार खरिद तथा वाइरिंग | रू २ लाख | वडा नं. ३ |
| ६ | | गणेश आधारभुत फिल्ड मर्मत | रू ५० हजार | वडा नं. ३ |
| ७ | वडा कार्यालयको जग्गा खरिद( ५ लाख) | वडा कार्यालयको सोलार खरिद | रू २ लाख | वडा नं.७ |
| ८ | | आयचौर खोप केन्द्र निर्माण | रू. ३ लाख | वडा नं. ७ |

१८. गाउँपालिकाको साझा औषधि पसल सञ्चालन सम्बन्धि कार्यविधि २०७६ सर्वसम्वत रूपमा पारीत गर्ने ।

१९. गाउँपालिकाको अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि २०७६ सर्वसम्वत रूपमा पारीत गर्ने ।

२०. विविध सम्बन्धमा,

क) सुरक्षित मातृत्वको लागी करार अ.न.मि को भर्ना शिर्षकमा बाँकि रहेको रकममा छोटो अवधिको लागी विज्ञापन गर्न सम्भव नभएको हुदा गा.पा. बाट यस अधि लिएको अनमिको परिक्षाका बैकल्पिक उम्मेदवारहरू मध्यबाट योग्यता क्रम अनुसार १ जना लाइ अ.न.मी.पदमा सेवा करारमा नियुक्ति गर्ने र २०७६ असार मसान्त पछि निज सँगको करार सम्झौता स्वतः खारेज हुने ।

कुमार ओली
प्रमुख ...कीय अधिकृत
२०७६/९/२२

गंगादेव गाउँ कार्यपालिका बैठक २०७६